अपाङ्ग संरक्षण तथा कल्याण ऐन,२०२९ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "अपाङ्ग संरक्षण तथा कल्याण (पहिलो संशोधन) नियमावली,२०६९" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. अपाङ्ग संरक्षण तथा कल्याण नियमावली,२०५१ को ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएकोछ ।

## सूचना १३

## राष्ट्रिय प्रसारण (सातौं संशोधन) नियमावली, २०६९

राष्ट्रिय प्रसारण नियमावली, २०५२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय प्रसारण ऐन, २०५२ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी नियमहरुको नाम "राष्ट्रिय प्रसार ण (सातौं संशोधन) नियमावली, २०६९" रहेकोछ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ८ मा संशोधन** : राष्ट्रिय प्रसारण नियमावली, २०५२ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ८ को खण्ड (च) झिकिएको छ ।

३. **मुल नियमावलीको नियम ९ मा संशोधन** : मूल नियमावलीको नियम ९ को खण्ड (झ) झिकिएकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।